

# सिमान्तकृत मानिसहरूको सशक्तीकरणमा
## सामाजिक परिवार

समग्र बुलेटिन

| | | |
|---|---|---|
| अंक - ८ | वैशाख २०६७ | पेज १ |


**नयाँ संविधान, स्थायी शान्ति र दिगो विकासका लागि सबै समुदायहरू एकजुट हुन सकौं यही नै नववर्ष २०६७ को हार्दिक मंगलमय शुभकामना ।**

## ३१औं साधारण सभा सम्पन्न




समग्र विकास सेवा केन्द्रको ३१औं साधारण सभा मिति २०६६ साल चैत्र २० गते शुक्रबार पासाङ्गल्यामू पर्वतारोहण प्रतिष्ठान धुम्बाराही, काठमाडौंमा कार्य समितिका अध्यक्ष बालकृष्णलाल जोशीज्यूको अध्यक्षतामा सम्पन्न भयो । सो साधारण सभाले महासचिवको आ.वा.२०६६/०६७ को अर्धवार्षिक प्रगति प्रतिवेदन तथा कोषाध्यक्षको आ.वा.२०६६/०६७ को अर्धवार्षिक खर्च विवरणलाई अनुमोदन गरेको छ । साथै चालू ६ महिनाको कार्यक्रम तथा बजेट पारित गरेकोछ ।



यस साधारण सभाले समग्रको पाँचवर्षे तयनीतिक कार्ययोजनामा रहेको मूल्याङ्कनका सूचीकहरूलाई परिमार्जन गर्नुको साथै समग्रको आर्थिक नियमावली, कर्मचारी नियमावलीलाई परिमार्जन गरेको छ । त्यसै गरी नयाँ निर्माण भएको अनुगमन तथा मूल्याङ्कन निर्देशिका २०६६ लाई कार्यान्वयनका लागि अनुमोदन गरेको छ ।

साधारण सभामा स्वागत मन्तव्य राख्नुहुदै संस्थाका कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले विगतका अनुभवहरू तथा सबैको सहयोग र सहकार्यले गर्दा समग्रले दुर्गम तथा विपन्न बस्तीहरूमा सामाजिक परिवारको माध्यमबाट मानवीय कार्य गर्न सकिएको हो । यस अभियानलाई ७५ वटै जिल्लाहरुमा पुऱ्याउनुपर्ने चुनौती हाम्रा

सामु रहेको छ भन्ने विचार व्यक्त गर्नुभयो । कार्य समितिका सदस्य दुर्गानन्द सदाले समग्रले धेरै राम्रो काम गर्दै आइरहेको छ । अहिलेको संविधान निर्माण कार्यमा राजनैतिक दलहरू असफल भएकाले मौका पाएमा सामाजिक परिवारका प्रतिनिधिहरूले राम्रो संविधान बनाउन सक्ने अवस्था रहेको बताउनुभयो । अर्का सदस्य डा.छेकी शेर्पाले महिलाहरू सबै तिरबाट उपेक्षित भैरहेको अवस्थामा समग्रले आफ्ना गतिविधिहरूमार्फत महिलाहरूको सशक्तीकरण गरी उनीहरूलाई आफ्नो हक-अधिकार खोज्न सक्ने बनाएको र हरेक कार्यक्रम सञ्चालनमा महिलाहरुको सहभागीतालाई बढी महत्व दिँदै आएको विचार व्यक्त गर्नूभयो ।

## समावेशीकरणका मुद्दा छनौटका लागि राष्ट्रियस्तरको अन्तरक्रिया सम्पन्न




यस संस्थाको आयोजनामा नयाँ संबिधान र समावेशीकरणका मुद्धाहरू विषयक अन्तरक्रिया २०६६ चैत्र २० गते काठमाडौंमा सम्पन्न भयो । संविधान निर्माण गर्ने संविधानसभाका सदस्यहरूले समावेशीकरणका मुद्धाहरूलाई कसरी समावेश गर्दै छन् ? उनीहरूले प्रारंभिक मस्यौदामा कसरी उल्लेख गरेका छन् यो विषयलाई ? यसबारे बुद्धिजीवीहरू के भन्दै छन् ? समावेश हुनुपर्ने लैंगिक, दलित, जनजाति, मधेस तथा पहाड, हिमाल का विषयहरूलाई कसरी सम्बोधन गरिएको छ ? ग्रामीण क्षेत्रमा वसेका जनताको भावना र विचार कस्तो छ ? यो वास्तविकता थाहा पाउन मात्र होइन संविधान निर्माणकर्ता, बुद्धिजीवी र सामाजिक परिवारका प्रतिनिधिवीच एउटै थलोमा आ-आफ्ना विचारहरू आदान-प्रदान गर्ने अवसरका रूपमा यो अन्तरक्रिया आयोजना गरिएको हो । यस अन्तरक्रियामा भाग लिन पहाड, हिमाल तथा मधेसका प्रतिनिधिहरू आएका थिए । सिरहा, सप्तरी, उदयपुर, धनुषा, महोत्तरी, गोरखा, धादिङ, लमजुङका सामाजिक परिवारका ६० भन्दा बढी प्रतिनिधिहरू सहभागी हुन राजधानी आइपुगेका थिए । सहभागीहरूमध्ये महिलाको उपस्थिति उल्लेख्य थियो । तराई-पहाडमा उपेक्षित जीवन बिताउन बाध्य दलितहरूको सहभागिता कार्यक्रमको विशेषता नै थियो । सभामा उपस्थित सभासदहरूमध्ये धेरै महिला सांसद्हरू नै थिए । त्यसबाहेक विशेषज्ञ, पत्रकार, बुद्धिजीवी, विभिन्न संघ-संस्थाका प्रतिनिधि तथा कानुनविद्हरू उपस्थित थिए ।

### कार्यक्रममा व्यक्त विचारहरू-



छ जिल्लाका प्रतिनिधिहरूमध्ये प्रत्येका जिल्लाबाट कम्तीमा दुई दुई जनाले बोलेका थिए । कार्यक्रममा पुरुषभन्दा महिला सहभागिता बढी थिए । बक्ताहरूले बोलेको सुन्दा लाग्थ्यो उनीहरू संविधान निर्माणप्रति कति चनाखो र विषयवस्तुबारे सचेत छन् । दलितहरूलाई राष्ट्रिय मुप्रवाहमा ल्याउन टालटुले नीतिले हुँदैन यसका निम्ति ६०% आरक्षणको माग थियो उनीहरूको । शिक्षा अनिवार्य, पाठ्यपुस्तक निशुल्क र डाक्टर-इन्जिनियरिङको पढाइ पूर्ण छात्रवृत्तिमा हुनुपर्ने भनाइ राखेका थिए । दलित भनेर ओठे भक्ति होइन, खास कार्यक्रम र दलितलाई प्रमाणपत्रको व्यवस्था गर्नुपर्ने माग राखे । साथै रासन कार्ड उपलब्ध नगराई दलितहरू अहिलेको प्रतिस्पर्धामा अगाडि आउन नसक्ने निश्चितता व्यक्त गरे । उनीहरू मध्ये एक महिलाले भनिन्, हामी दलित अरूको खेतबारीमा ज्याला-मजदुरी गरेर खान बाध्य छौं । हामीहरूसँग धनीहरूले मानवोचित व्यवहार गर्नुपर्छ । भेदभावलाई संविधानले उन्मूलन गर्नुपर्छ । कार्यक्रममा उपस्थित सभासदहरूलाई औंल्याउदै सिरहाका जोगेन्द्ररामले भने-हाम्रै गाउबाट सभासद् मन्त्री त बने तर खै तपाईहरूले हाम्रो आवाज सुनेको ? यहाँ त हामी समग्रले गर्दा आइपुगेका हौं, तपाइँहरूले त बोलाउनुभएन ! दलितहरूलाई दलदलबाट निकाल्न समग्रले बिनाभेदभाव शिक्षा दिएको





छ । संविधान हरेक मातृभाषामा बन्नुपर्छ । हाम्रो भाषामा संविधान बनेन भने फेरि पनि नेपालीमा लेख्नु र मैथिलीमा सम्झाउनु पर्छ ।

सविधानसभामा प्रतिनिधित्व गर्ने सभासद्हरू बिन्दा पाण्डे, सुनिता चौधरी, ज्वालाकुमारी, इन्द्रावती सुनुवारले आफू जनताका कुरा नयाँ संविधानमा पार्न दत्तचित्त भएर लागिरहेको बताए । उनीहरूले भने- समितिहरूबाट प्रारम्भिक मस्यौदा बुझाई सकिएको छ तर अझै पनि नयाँ सुझावहरू भएमा संवैधानिक समितिमा पुऱ्याई नयाँ सविधानमा समावेश गर्न सकिन्छ । सभासद्हरूको भनाई थियो-प्रतिवेदन पठाइसकिएकोले यतिखेर बुद्धिजीवीहरूको भूमिका महत्वपूर्ण छ । उनीहरुले मस्यौदाका कमजोरी औंल्याइदिए अझ पनि त्यसलाई सच्याउन सकिनेछ । मस्यौदामा जनताका आधारभूत कुरा भनेको गाँस, बास र कपास हो र यसलाई मात्र होइन धेरै अधिकारका कुरा संविधानको मस्यौदामा समावेश गरिएको जानकारी गराउँछौं । दलित र पिछडिएकालाई अरू सरह ल्याउन विशेष व्यवस्था गर्नुपर्छ, हामीले त्यसो गरेका छौं । महिला हक सुनिश्चित गर्न जन्म दिने आमालाई सम्मान दिनुपर्छ किनभने असम्मानित आमाको सन्तान भएर बाँच्न गाह्रो छ ।

कार्यक्रम समग्र विकास सेवा केन्द्रका अध्यक्ष बालकृष्णलाल जोशीको सभापतित्वमा भएको थियो । कार्यक्रमको प्रमुख अतिथि माननीय बिन्दा पाण्डे हुनुहुन्थ्यो । कार्यक्रममा केन्द्रका उपाध्यक्ष लक्ष्मण ज्ञवालीले धन्यवाद र कार्यकारी निर्देशक डोरनाथ न्यौपानेले अतिथि तथा सहभागीहरुलाई स्वागत गरेका थिए ।

## तराईका सामाजिक परिवारले गरे पहाडको अवलोकन भ्रमण



पहाड र तराईका सा.प.का सदस्यहरुलाई आपसमा घुलमिल गराई उनीहरू बीचमा माया, स्नेह र सामाजिक सद्भाव कायम गराउने र सामाजिक समावेशीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले समग्रले पहाडका सामाजिक परिवारलाई तराईमा र तराईकालाई पहाडको अवलोकन भ्रमण कार्यक्रम गत केही वर्षदेखि निरन्तर गर्दै आएको छ । यसै क्रममा चैत्र महिनामा तराईका सामाजिक परिवारहरुले धादिङ्गका सामाजिक परिवारहरूसँग अन्तरक्रिया र अनुभव साटासाट गरे । तीनदिने अवलोकन भ्रमणका क्रममा उनीहरूले राजधानी काठमाडौंको समेत यात्रा पुरा गरे । भ्रमण समूहमा समग्रका कार्य समितिका सदस्यहरू मिनादेवी चौधरी र दुर्गानन्द सदालगायत साधारण सदस्यहरू सिरहा, सप्तरी, उदयपुर, धनुषा र महोत्तरी जिल्लाका सामाजिक परिवारका प्रतिनिधिहरू रहेका थिए ।



तराईका ४० जना सहभागी रहेको भ्रमणदल पहाडमा पुग्दा उनीहरुलाई आ-आफ्ना सामाजिक परिवारहरूको गतिविधिहरू समीक्षा गर्न लगाउँदै उनीहरूबीच घुलमील हुने वातावरण सृजना गराइएको थियो । भ्रमण अवधिमा बाटामा पर्ने महत्वपूर्ण स्थलहरु, कलकारखानाहरु तथा सामाजिक वस्तुस्थितिको अवलोकन गराउँदै उनीहरूलाई नयाँ अनुभूति तथा क्षमता अभिवृद्धि गराउने व्यवस्था गरिएको थियो । धादिङ्गको सफल नमुना सामाजिक परिवार तथा सहकारी संस्थाहरूको अवलोकन, स्थानीयवासीहरूसँग अन्तरक्रिया गराउँदै पहाड र मधेसमा बस्नेहरूबीच सद्भाव कायम गराउने व्यवस्था मिलाइएको थियो ।

भ्रमण टोलीले पशुपतिनाथ, स्वयम्भूनाथ, बूढानीलकण्ठलगायत काठमाडौंका महत्वपूर्ण स्थानहरुको अवलोकन गरें । पहाड र काठमाडौ उपत्यका कहिले आउन नपाएका अधिकांश सहभागीहरू आफ्नो पहिलो भ्रमणबाट दङ्ग थिए । उनीहरूले धादिङ्गको तसर्पुमा रहेको श्रमजीवी, जनज्योति

र मजदुर किसान सामाजिक परिवारसँग अन्तरक्रिया गरी पहाड र तराईको अवस्था, सिकाइ तथा आ-आफ्ना अनुभवहरू साटासाट गरे । सो अवसरमा तसर्पुका सामाजिक परिवारले भ्रमणदलको धुमधामसँग स्वागत गरेका थिए । तसर्पुका सामाजिक परिवारहरुले सञ्चालन गरेका सामूहिक खेती, पसल, कुटानी पिसानी मिल, निम्न माध्यामिक विद्यालय, बिजुली बत्ती आदिको अवलोकन गर्नुको साथै उनीहरूको सामाजिक मेलमिलाप र सद्भावको नजिकबाट नियाल्ने अवसर पनि प्राप्त गरे । सामाजिक परिवारको पहलमा सञ्चालित जनभोजन कार्यक्रम स्थलको अवलोकन गर्ने मौका पनि भ्रमण टोलीले प्राप्त गरे । प्रेम सागर फाउण्डेसनद्वारा सञ्चालित सो जनभोजन कार्यक्रममा विद्यालय जाने ४५०जना वालबालिकाहरू र ५० जना असहाय वृद्ध/वृद्धाहरुले दैनिक बिहान स्वास्थकर र सन्तुलित भोजन गर्दछन् ।

## अभियानको समीक्षात्मक अन्तरक्रिया सम्पन्न



सप्तरी जिल्लामा सञ्चालित सिमान्तकृत मानिसहरूको सशक्तीकरण अभियानको प्रभावकारीताको सन्दर्भमा सरोकारवालाहरूको अन्तरक्रिया मोहनपुर गा.वि.स.को कठौनामा सम्पन्न भयो । समग्रको कार्य समितिका सदस्य दुर्गानन्द सदाको अध्यक्षतामा सम्पन्न सो अन्तरक्रिया कार्यक्रममा सप्तरीका सामाजिक परिवार, स्थानीय संघ संस्था, राजनैतिक दल लगायतका प्रतिनिधिहरूको सहभागिता थियो । सो अन्तरक्रियामा आ-आफ्नो धारणा राख्दै सहभागीहरूले सामाजिक परिवारको भूमिका तथा सिमान्तकृत मानिसहरूको सशक्तीकरण अभियान कार्यक्रम फलदायी भएको तर यो थोरै स्थानमा मात्र रहेको हुदाँ यसलाई जिल्लाको सबै टोलटोलमा फैलाउनुपर्ने सुझाव दिएका थिए ।

## बाघ बच्छला सामाजिक परिवारको साधारण सभा सम्पन्न

धादिङ्ग जिल्लाको कुम्पुर गा.वि.स. वडा नं. ४ मा रहेको बाघ बच्छला सामाजिक परिवारको तेस्रो साधारण सभा सम्पन्न भएको छ । सामाजिक परिवारका अध्यक्ष भवानी थपलियाको अध्यक्षतामा सम्पन्न साधारण सभाले नयाँ कार्य समिति चयन गर्नुका साथै वार्षिक कार्यक्रम पारित गरेको छ ।

सो सामाजिक परिवारमा ३५ घरधुरी आबद्ध छन् जसमा दलित, जनजाति, क्षेत्री र बाहुन सबै जातिको प्रतिनिधित्व छ । परिवारको कोषमा ५२ हजार जम्मा भएको र सो रकम सदस्यहरूको आय आर्जन कार्यका लागि परिचालन गरिएको कोषाध्यक्षको प्रतिवेदनमा उल्लेख छ । साधारण सभाले भवानी थपलियाको अध्यक्षतामा ९ सदस्यीय कार्य समिति चयन गरेको छ । जसमा सचिवमा सँगीता थपलिया, सहसचिवमा शुकलाल बिसुन्के र कोषाध्यक्षमा उर्मिला विश्वकर्मा रहेका छन् ।

## चैत महिनामा महिनाभरि सञ्चालित/सम्पन्न नियमित गतिविधिहरू

| क्रियाकलाप | | कार्यक्रम संख्या | सहभागी संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १.१ | स्थानीय तहमा मानवअधिकारको अनुगमन | १ | ४३ | ०६ | ४९ |
| १.२ | सामाजिक समावेशीकरण प्रवर्द्धनका लागि राष्ट्रियस्तरको जनवकालत कार्यक्रम | १ | ४३ | ५० | ९३ |
| १.३ | जातीय विभेद र अन्य प्रकारका मानवअधिकार उल्लङघनविरुद्ध जनचेतना अभियान | १ | ६१ | २१ | ८२ |

सामग्र

| | | | | | |
|---|---|---|---|---|---|
| २.६ | मानवअधिकार, द्वन्द्व व्यवस्थापन, संस्थागत विकास, असल शासनलगायत विषयहरूमा सा.प. स्तरको अभिमुखीकरण | १ | २८ | ०२ | ३० |
| २.७ | अवलोकन भ्रमण | १ | २२ | २० | ४२ |
| २.१० | समन्वय / सन्जाल स्थापना / माग पत्र पेस / लविङ्ग भ्रमण | ७ वटा संस्था | | | |
| ३.१ | अन्तरजातीय मिलान/द्वन्द्व व्यवस्थापन कार्य | २ | ३० | १६ | ४६ |
| ३.३ | मेलमिलाप कार्यक्रम | २ | २४ | २८ | ५२ |
| ३.४ | शान्ति र मेलमिलाप सम्बन्धी कार्य | १० | ६१८ | २०२ | ८२० |
| | सामाजिक परिवारको संस्थागत विकाससम्बन्धी गोष्ठी | २० वटा सामाजिक परिवार | | | |

## सफलताका पाइलाहरू.......दुर्गा बहादुर सार्की, उदयपुर



मेरो नाम दुर्गाबहादुर नेपाली हो, मेरो घर उदयपुर ५, हडियामा पर्दछ । पहिले मलाई आफ्नै वडाका सबैले चिन्दैनथे । संघ-संस्थामा लागेको थिइन । हाल जनजागरण सामाजिक परिवारको अध्यक्ष, समग्र विकास सेवा केन्द्रको साधारण सदस्य बन्न पुगेको छु । गा.वि.स.देखि जिल्लास्तरका धेरै कार्यक्रमहरूमा बोलाउँछन् । समग्र विकास सेवा केन्द्रले हाम्रो गाउँमा २०५३ साल देखि कार्यक्रम सञ्चालन गरेको हो । त्यतिबेला आय आर्जनको मात्र काम गर्दै आएको थियो र २०६२ सालदेखि दलित जनजाति सशक्तीकरण अभियान सञ्चालन भएपछि समग्रले चलाएको गोष्ठी, तालिममा भाग लिँदै आएँ । मानव-अधिकारको तालिम पाए पछि मलाई धेरै कुरा थाहा भयो । अहिले गा.वि.स. र जिल्लामा आफ्नो समस्या राख्ने र हक अधिकार खोज्न सक्ने भएको छु । दलित भनेर पहिले कार्यालयहरूमा जादा हेप्ने गर्दथे । तर अहिले राम्रो व्यवहार गर्छन् । आफ्नो काम आफै गर्नुपर्दछ भन्ने उद्देश्यले पसल खोलेर जीविकोपार्जन गर्दै दलित मुक्तिका लागि समाजमा चेतना फैलाइरहेको छु । समग्रको प्रेरणले गर्दा अहिले म सामाजिक कार्यकर्ता र दलित नेताको रूपमा फेरिएको छु ।

**सबैका मानवअधिकारको सम्मान गरौं ।**

**सम्पर्कका लागि ठेगाना:**

समग्र विकास सेवा केन्द्र, हस्पिटल मार्ग, चाबहिल, पो.व. नं. - १३२७८, काठमाडौं,
फोन नं. ४४६९६४९, इमेल: samagra@mcmail.com.np, वेभसाइट: www.samagra-nepal.org